annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २७३ पृष्ठ १२ | काठमाडौं, बिहीबार २४ माघ २०८१ | मार्ग शुक्लपक्ष अष्टमी, नेपाल संवत् ११४५ | THURSDAY, FEBRUARY 6, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## बालविवाहको कुरूप तस्बिर


# बागमतीमा मात्रै ६२ हजार किशोरी गर्भवती, ६१ को मृत्यु

बालविवाह न्यूनीकरणका लागि हरेक वर्ष बागमती प्रदेशमा मात्रै करोडौं बजेट खर्च हुन्छ। परिणाम ? परिणाम ठीक उल्टो छ। जहाँ २० वर्षभन्दा कम उमेरका ६२ हजार किशोरी गर्भवती भएको सरकारी तथ्यांक छ। जुन, पाँच वर्षको आँकडा हो। बालविवाहकै कारण यति ठूलो संख्यामा किशोरी गर्भवती बनेको सरोकारवालाहरूको दाबी छ। यसैले पुष्टि गर्छ- बालविवाहको कुरूप तस्बिर। जबकि, संविधान र कानुनले बालविवाह बर्जितमात्रै गरेको छैन, दण्डनीय पनि बनाएको छ। तर, व्यवहारमा बालविवाह डरलाग्दो रहेको बागमती प्रदेश सरकारकै आँकडाले देखाएको छ।

समाचार पृष्ठ २

**सरोज पौडेल** | *हेटौंडा*

- को रिपोर्ट




ग्राफिक्स : रामकृष्ण राना

# सार्वजनिक खर्चमा कडाइ, भत्ता र सुविधा कटौती



**ममता थापा** | *काठमाडौं*

सरकारले सार्वजनिक खर्चलाई मितव्ययी बनाउने भन्दै भत्ता तथा अन्य सुविधामा व्यापक कटौती गरेको छ। मन्त्रिपरिषद्को सोमबारको बैठकले 'सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउनेसम्बन्धी मापदण्ड, पारित गर्दै यस्ता सुविधामा कटौतीको व्यवस्था गरेको हो।

अब कुनै पनि प्रकारको प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरेबापतको भत्ता, जोखिम भत्ता, विशेष भत्तालगायतका भत्ता लिन पाइने छैन। सरकारी आवास प्रयोग गर्ने पदाधिकारीले आवास सुविधाबापतको रकम पनि लिन पाउने छैनन्। उक्त मापदण्डले नियमित कामको लागि पनि बैठक भत्ता प्रदान नगर्ने व्यवस्था गरेको छ। 'तर कानुनबमोजिम गठन भएको समिति वा कार्यदलको लागि कार्यालय समयअघि वा पछि काम गरेको अवस्थामा बैठक भत्ता भुक्तानी गर्न बाधा पर्ने छैन। कुनै निश्चित कामको लागि गठन भएको छानबिन वा अनुसन्धान समिति, कार्यदल वा आयोगका पदाधिकारीले पूर्वनिर्धारित कामका लागि बैठक भत्ता पाउने छैन,' मापदण्डमा भनिएको छ।

यसैगरी, कार्यक्रम तथा मनोरञ्जन खर्चअन्तर्गत नियमित प्रकृतिको कामलाई कार्यक्रम खर्चमा राखी सञ्चालन गर्न पाइने छैन। कार्यक्रम खर्चबाट मर्मत, इन्धन, बैठक भत्ताजस्ता शीर्षकमा खर्च लेख्न नपाइने व्यवस्था गरिएको छ। यससँगै, विदेशी अतिथि तथा पाहुनाको लागि गरिने अतिथि सत्कारका लागि बाहेक अन्य अवस्थामा सरकारी खर्चमा भोजभतेर गर्न पाइने छैन।

- प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरेबापतको भत्ता, जोखिम भत्ता, विशेष भत्ता कटौती
- सरकारी आवास प्रयोग गर्नेले आवास सुविधा रकम नपाउने
- आर्थिक सहायता तथा अनुदान अर्थको सहमतिमा मात्रै
- विद्युतीय उपकरण कम्तीमा ५ वर्ष प्रयोग गर्नुपर्ने
- सरकारी काममा बाह्य परामर्श सेवा लिन नपाइने
- सवारी सुविधा लिने कर्मचारीलाई थप इन्धन नदिइने
- सरकारी स्रोत र वैदेशिक ऋणबाट आवासीय गोष्ठी गर्न नपाइने
- स्वदेशी वस्तु उपयोग गर्नुपर्ने, औषधिको खरिद वेवसाइटमा राख्नुपर्ने

**अर्थको अनुमतिमा मात्रै आर्थिक सहायता तथा अनुदान**

अर्थ मन्त्रालयको सहमति बेगर कुनै पनि प्रकारको आर्थिक सहायता, राहत, क्षतिपूर्ति वा अनुदान वितरण गर्न पाइने छैन। तर कानुनमा तोकिएको विषय, नेपाल सरकारबाट स्वीकृत निर्देशिका, मापदण्ड तथा स्वीकृत वार्षिक कार्यक्रमबमोजिम आर्थिक सहायता, राहत, क्षतिपूर्ति वा अनुदान वितरण गर्न बाधा नपर्ने उल्लेख छ।

» बाँकी पृष्ठ ७

# 'चुरे संरक्षणका लागि सरकारले अधिकार सम्पन्न प्राधिकरण बनाओस्'

**अन्नपूर्ण** (काठमाडौं) : पूर्वराष्ट्रपति डा. रामवरण यादवले राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समिति (चुरे बोर्ड) लाई विघटन गर्न नहुने बताएका छन्। तत्काल बोर्ड जीवित सरकारले चुरे संरक्षणका लागि अधिकार सम्पन्न प्राधिकरण बनाउनुपर्ने बताएका छन्। वन तथा वातावरण मन्त्रालयले बोर्ड खारेज गरेर वनमन्त्रीको अध्यक्षतामा वन मन्त्रालयभित्र ल्याउने तयारी गरेको छ। वन मन्त्रालयले चुरे संरक्षण गर्न नसकेकै कारण १० वर्षअघि छुट्टै बोर्ड गठन गरिएको पूर्वराष्ट्रपति यादवले जनाए।



चुरे संरक्षणबारे सरकारले कानुन बनाएर संसद्मा छलफल गर्नुपर्ने उनले बताए। 'चुरे बोर्ड जरुरी छैन भनेर संसद्ले नै निर्क्योल गरोस्। तर, यत्तिकै बोर्ड विघटन गर्न मिल्दैन', उनले भने, 'मेरो जिन्दगीमा तराईको जंगल समाप्त भयो। अब तपाईंको जिन्दगीमा चुरेको वन समाप्त भइरहेको छ। जंगल समाप्त भयो भने भोलि आउने ज्ञानी सन्ततिले वृक्षरोपण गर्लान् तर चुरे पहाड नै खनेर सकियो भने फेरि पहाडै त बनाउन सकिन्न होला नि ?' वन मन्त्रालयले चुरे संरक्षण गर्न नसकेकै कारण त्यो बेला चुरे बोर्डको आवश्यकता महसुस गरे गठन गरिएको थियो।

स्वार्थ समूहको लहैलहैमा संकटमा रहेको चुरे संरक्षणका लागि गठन गरिएको चुरे बोर्ड खारेज गर्न लागिएको पूर्वराष्ट्रपतिको भनाइ छ। 'यसरी हाम्रो चुरेको माटो, बालुवा, गिट्टी सबै बाढीसँगै बग्ने भए। हाम्रा सन्ततिले चुरे नै देख्न पाउँदैनन् कि जस्तो भइसक्यो', उनले भने, 'बोर्ड विघटन गर्नुभित्र अर्को ठूलो स्वार्थ छ। स्वार्थी समूहले जित्यो भने देशका लागि दुर्भाग्य हुनेछ। बोर्डलाई प्राधिकरण बनाएर चुरे बचाऔं। यसले देश बचाउँछ।'

» विस्तृत अन्तर्वार्ता पृष्ठ ११

# ठुटो पारिए चौताराका वरपीपल, महानगर भन्छ कसले काट्यो ?

**कृष्णमणि बराल** | *पोखरा*

कोटिहोमका लागि भन्दै पोखरा वडा नम्बर १४ का वरपीपलका रूख ठुटो पारिए। शुभमार्ग टोलका चौताराका कतिपय रूख 'नपलाउने' गरी काटिए। पोखरा-१३ र ६ वडाका चौताराका रूख पनि कतै काँटछाँट गरिए त कतै मुठारेर काटिए। अनि, बैदामस्थित ट्रस्टको स्वामित्वमा रहेको रत्नमन्दिर परिसरमा काठ दाउरा जम्मा गरिए। ऐतिहासिक र सांस्कृतिक महत्त्वका चौताराका वरपीपल काटिएको भन्दै सामाजिक सञ्जालमा चर्को आलोचना भयो। त्यसपछि पोखरा महानगरले वरपीपलका रूख काटेर जम्मा गरिएका काठ-दाउरा बुधबार जफत गरेको छ।

अनुमतिबिना वरपीपलका रूख ठुटो बनाएर काटिएको महानगरको भनाइ छ। मानव सेवा फाउन्डेसनले कोटिहोम लगाउने भन्दै पोखरा- १४ का चौताराका रूख मुठारेर ट्रस्टको स्वामित्वमा रहेको बैदामस्थित फेवाताल किनारमा चाङ बनाएर राखेको थियो।

सांस्कृतिक महत्त्वका ऐतिहासिक चौताराका वरपीपलका रूख मुठारेपछि सामाजिक सञ्जालमा पोखरा महानगरपालिकाको चर्को आलोचना भइरहेको छ। अनुमति नलिई काटिएका वरपीपलका रूखका काठ दाउरा परिसर भित्र राखिएको भन्दै नेपाल ट्रस्टको पनि आलोचना गरेका छन्। महानगरपालिकाले भने कोटिहोम आयोजकले अनुमति नलिई रूख काटेको बताउँदै आएको छ। पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले आफूहरूसँग कोटिहोम आयोजकले अनुमति नलिएकोले कारबाही गर्ने बताउँदै आएका छन्।

जलवायु परिवर्तन र तापक्रम वृद्धिले माछापुच्छ्रे हिमाल कालो हुँदै गएको बेला उक्त विषयमा छलफल गर्ने बेला सार्वजनिक चौतारा र अन्य स्थानमा दिनदहाडै सयौं वर्ष पुराना वरपीपल र शमीका रूखहरू निर्मम रूपमा काटिएको घटनाप्रति महानगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको बताएका छन्। मेयर आचार्यले महानगरपालिका र स्थानीय प्रशासनले कुनै कोटिहोम आयोजना गर्न कसैलाई अनुमति प्रदान नगरेको पनि बताएका छन्।



पोखरा महानगरपालिका-१४ स्थित चौताराको पीपलको रूख काटेर ठुटो बनाइएको अवस्थामा। ● कृष्णमणि बराल

मानव सेवा फाउन्डेसन, नेपालले वैशाख १७ देखि जेठ २६ सम्म पोखरामा कोटिहोम विराट महायज्ञ गर्ने तयारी गरेको छ। हवन गर्न आवश्यक दाउराका लागि भन्दै वरपीपल, शमीलगायतका रूख काटिएका थिए। यस्ता रूख काट्न महानगरपालिका र वडा कार्यालय पोखरा १४ ले अनुमति नदिएको बताउँदै आएका छन्। मक्किएका र सुकेका रूखका हाँगा काट्न महानगरपालिकाले बेलाबेलामा अनुमति दिने गरे पनि ऐतिहासिक एवं सय वर्षभन्दा पुराना वरपीपलका रूख काट्न अनुमति नदिएको पनि महानगरपालिकाले जनाएको छ।

यसअघि पशुपतिमा महायज्ञ गरेको फाउन्डेसनले पोखराको बैदामस्थित फेवाताल किनारमा कोटिहोम गर्न लागेको हो। कोटिहोमका लागि पोखराका विभिन्न वडाबाट आवश्यक काठ दाउरा स्थानीय टोल विकास संस्थासँग समन्वय गरेर रूख काटिएको फाउन्डेसनले जनाएको छ। चौतारा संरक्षण ऐनको दफा ७ मा वरपीपल, शमी र चौतारा काट्नु, मास्नु वा हटाउनुपूर्व अध्ययन तथा सिफारिस समितिको सिफारिस लिनुपर्ने प्रावधान छ।